# नमस्कार


"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"
लेखा सुपरिवेक्षण समितिको
क्षमता अभिवृद्धि तालिम
SACCOS Aawaja
LIVE
ID: 982 3107 0427
PC: nefscun
zoom
मिति : २०७८ जेष्ठ २९ गते, शनिबार
समय : बिहान ११ बजे, स्थान : अनलाइन
Facilitator : Nabraj Sapkota
Coordinator ASC of NEFSCUN
Technical Support :
Nepal Federation of Savings and Credit Cooperative Unions Ltd. (NEFSCUN)
आयोजक : लेखा सुपरिवेक्षण समिति
भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
Bhaktapur District Saving & Credit Co-operative Union Ltd.
"दिगो सहकारी विकासका लागि संघ"
आबद्धता :
NEFSCUN
Phone : Head office Suryabinayak, 01-5092556
Service center, thimi, 01-6630868
www.bhaktapurdcu.coop.np

# सहकारीमा आन्तरिक लेखापरीक्षणका क्षेत्र तथा विधिहरू

# प्रस्तुतिका क्रमहरू

- सहकारीमा लेखासुपरिवेक्षण समितिको वर्तमान अवस्था
- सहकारीमा आन्तरिक लेखापरिक्षणका क्षेत्रहरू
- सहकारी आन्तरिक लेखापरिक्षणका विधिहरू
- सहकारीमा आन्तरिक लेखापरिक्षणको प्रतिवेदन तयारी र प्रस्तुतीकरण

# अपेक्षा

- समितिको भूमिका बारे साझा बुझाई
- समितिको क्रियाशिलता अभिबृद्धि
- कार्यगत एकरूपता
- प्रतिवेदनमा एकरूपता

# आन्तरिक लेखापरिक्षण......

संस्थाले गरेका गतिविधिहरू, आन्तरिक नियन्त्रण प्रणाली र व्यावसायिक क्रियाकलापहरूको **एउटा छुट्टै प्रणालीमा** रहेर **स्वतन्त्र ढंगबाट समिक्षा र परिक्षण** गर्ने कार्य

**प्रणाली: लेखापरिक्षणको योजना निर्माण**

**स्वतन्त्र: कसैको दवाव वा प्रभावमा नपरी**



# आन्तरिक नियन्त्रण

नितीे, विधि, कार्यविधिहरू, नियमहरू,

जसले............

संस्थाको सम्पत्तिको सुरक्षा गर्छ, सदस्यहरूको पैसाको संरक्षण गर्छ



# विद्यमान कानुनी व्यवस्था

## सहकारी ऐन, २०७४, परिच्छेद ६, दफा ४८ र ४९ लेखा सुपरिवेक्षण समिति

**(१)** सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरु गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।



# विद्यमान कानुनी व्यवस्था... क्रमश:

## काम, कर्तव्य र अधिकार

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परिक्षण गराउने,

(ख) आन्तरिक लेखापरिक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यन्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

# विद्यमान कानुनी व्यवस्था... क्रमश:

## काम, कर्तव्य र अधिकार

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यन्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संङ्कटमा पर्न लागेकामा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरीक लेखा परिक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

लेखा सुपरिवेक्षक समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

# विद्यमान सहकारी नियमावली, २०४९ मा भएको व्यवस्था

## विशेष साधारण सभा बोलाउन सक्ने

नियम १२ नियमावली ऐनको दफा १७ बमोजिमको लेखा समिति वा दफा १९ बमोजिमको उपसमितिले कुनै विशेष कामको लागि विशेष साधारणसभा वोलाउन आवश्यक देखेमा त्यस्तो कारण समेत खोलि समिति समक्ष अनुरोध गरेमा

# सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८

**११. लेखा समितिको गठन र दायित्व :**

(१) संस्था वा संघ वा बैंकको लेखा समिति एक जना संयोजक सहित ३ सदस्यीय हुनेछ ,सदस्य निर्वाचित गर्दा कम्तिमा १ जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्नेछ

(२) लेखा समितिको गठन शेयर सदस्यहरूले निर्वाचनबाट गर्नेछन् ।

(३) संस्था वा संघ वा बैंकको अध्यक्ष र कार्यकारी प्रमुखसाग एकाघरको नाता सम्वन्ध रहेको शेयर सदस्य लेखा समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा समितिका पदाधिकारीले अध्यक्षसंगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए नभएको बारेमा संचालक समितिलाइ लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

# सहकारी संघ/संस्था विनियमको परिच्छेद ६

## सञ्चालक समिति एवं लेखा समितिको गठन ,काम र कर्तब्य अधिकार

बचत तथा ऋण सहकारी संस्थाको

# संगठनात्मक संरचना

**(Organizational Structure of Savings & Credit Cooperative)**



# साकोसमा लेखा तथा सुपरिवेक्षण समितिबारे विद्यमान विविध धारणा

- साकोसको लेखा राख्ने समिति हो ।
- साकोसको लेखा सम्बन्धी कमी कमजोरी हेर्ने समिति हो ।
- सञ्चालक समिति कै अङ्ग हो ।
- साकोसको उपसमिति हो ।
- सञ्चालक समिति बराबरकै अङ्ग हो ।
- सञ्चालक समितिलाई झमेला गर्ने अङ्ग हो ।
- साकोसमा प्रजातान्त्रिक नियन्त्रण प्रणाली कायम गर्ने अङ्ग हो
- सञ्चालक समितिलाई नियन्त्रण गर्ने अङ्ग हो ।

# के हो त लेखा सुपरिवेक्षण समिति ?



# लेखा सुपरीवेक्षण समिति

नेफस्कून

सञ्चालक समितिले गरेका कामहरूको परीक्षण गरी व्यवस्थित र नियमसङ्गत ढङ्गले अघि बढाउन मार्गनिर्देश गर्ने अङ्ग लेखा सुपरिवेक्षण समिति हो ।

सञ्चालक समितिले गरेका कार्यहरूको निरीक्षण गरी मूल्यांकंन गर्ने, आवश्यक पृष्टपोषण दिई सन्तुलनको भूमिका निर्वाह गर्ने एक परिपूरक अंग हो ।

# निश्कर्ष......

- ✓ स्वनियमन कायम राख्ने पाटोमा सहकारीहरूमा सबैभन्दा सशक्त भूमिका निभाउने निकाय,
- ✓ सदस्यहरूको बचत र शेयर लगायत सेवा सुबिधाको विषयलाई अनुगमन गर्ने र सदस्य तथा संस्थाको हित रक्षा गर्ने सहकारीको महत्वपूर्ण अङ्ग,
- ✓ प्रचलित, ऐन, नियम, विनियम, नीति, निर्देशिका बमोजिम चलेका छन्, छैनन् अधिकारको प्रयोग, जिम्मेवारीप्रतिको सजगता के कस्तो छ भन्ने कुराको जाँच गर्ने लेखा सुपरिवेक्षण समिति बाहेक अर्को निकाय संस्थाभित्र रहँदैन ।

# लेखा सुपरीवेक्षण समिति सहकारीको...

- सुपरिवेक्षक हो,
- आन्तरिक लेखा परीक्षण गर्ने अङ्ग हो,
- आन्तरिक नियन्त्रक हो,
- मार्गदर्शक अङ्ग हो ।

# प्रमुख कार्य

## स्वनियमनको माध्यमबाट सुशासन कायम गर्नु



# उत्तरदायित्व

**साधारण सभा प्रति**

# लेखासमितिको वर्तमान अवस्था

- ✓ सहकारी संस्था ३३,५९९
- ✓ बचत तथा ऋण सहकारी संस्था १३,७६९
- ✓ समग्र सहकारीमा लेखा सुं.समिति स्वयंसेवी : १००७९७
- ✓ समग्र सहकारीको लेखा समितिमा महिला: ३३०००
- ✓ बचत तथा ऋण सहकारीमा : ४१३०७
- ✓ बचत तथा ऋण सहकारीको लेखा समितिमा महिला : १३७६९

# आन्तरिक लेखापरिक्षणका क्षेत्रहरु

आन्तरिक लेखापरिक्षणका क्षेत्रहरु व्यवसायको प्रकृति अनुसार फरक फरक हुन्छन् वित्तिय सहकारीको लागि वित्तिय क्षेत्र र सञ्चालन क्षेत्र गरि क्षेत्रहरु छुट्टाउन सकिन्छ ।

- वित्तिय क्षेत्र
- सञ्चालन क्षेत्र

क्षेत्रहरु फरक फरक किसिमको हुने भएकोले तिनिहरुको प्रकृति अनुसार फरक फरक विधिहरु द्वारा आन्तरिक लेखापरिक्षण गरिन्छ ।

# आन्तरिक लेखापरिक्षणका क्षेत्रहरु

## वित्तिय क्षेत्रहरु

- बचत
- ऋण
- शेयर
- लगानी
- खर्च
- आम्दानी
- योजना र बजेट
- नगद
- स्थीर सम्पत्ति
- खुद बचत बाडफाड

## सञ्चालन क्षेत्रहरु

- सहकारी मुल्य, मान्यता र सिद्धान्त
- अभ्यास
- कानुनी पालना
- संस्थागत निति तथा कार्यविधिहरु
- सदस्य सेवा

# आन्तरिक लेखापरिक्षणका विधिहरु

- **निरिक्षण** (Inspection)
- **अवलोकन** (Obseration)
- **सोधपुछ** (Inquiry )
- **गणना** (Calculation)
- **पुनः गणना** (Recalculation)
- **अनुपात** (Ratio)

## निरिक्षण (Inspection)

- अभिलेख तथा निर्णय पुस्तिकाहरु

## अवलोकन (Obseration)

- लेखा समितिले आफै उपस्थित भएर संस्थाको नगद मौज्दात, जिन्सि तथा अन्य सम्पत्तिहरुको अवलोकन गर्ने ।

## सोधपुछ (Inquiry )

- संस्थाको बारेमा सम्बन्धित जिम्मेवार व्यक्तिसाग सोधपुछ गरि जानकारी लिइन्छ ।

## गणना (Calculation)

- यस तरिकामा विभिन्न बिषयमा स्वयम गणना *(Calculation)* गर्नुपर्छ ।

## पुन: गणना (Recalculation)

यस तरिकामा लेखापरिक्षक द्वारा व्यवस्थापन द्वारा गरिएको कार्यहरूको पुन गणना गरिन्छ ।

## अनुपात (Ratio)

- अनुपात: (पर्ल्स)खर्च तथा आम्दानि हरूको अनुपात निकालिन्छ ।

# आन्तरिक लेखापरिक्षण प्रक्रिया

## योजना

- संस्थाको व्यवसायको ज्ञान ( ऐन, नियमावली, मापदण्ड,नितिहरू, कार्यविधिहरू)
- संस्थाको स्थिति ( वासलातको आकार, सदस्य संख्या, कार्यक्षेत्र)
- कार्यविधि निर्माण
- प्रतिवेदन अध्ययन
- क्षेत्र पहिचान
- समन्वय
- सहयोगी चयन
- विस्तृत योजना निर्माण

## कार्यान्वयन

- विधिको प्रयोग गर्ने
- जोखिम सुपरिवेक्षण चरण
- अन्य चरण :

## प्रतिवेदन

- सञ्चालकलाई दिने प्रतिवेदन
- साधारण सभामा पेश गरिने प्रतिवेदन

# आन्तरिक लेखा परीक्षण चरण

- जोखिम मुल्यांकन
- आन्तरिक नियन्त्रण प्रणाली परीक्षण
- भौचर परीक्षण
- प्रमाणिकरण
- विश्लेषण
- प्रतिवेदन

# आन्तरिक लेखा परीक्षण चरण

जोखिम मुल्यांकन

- रणनैतिक,
- वित्तिय,
- बजार,
- तरलता,
- सञ्चालन

# रणनैतिक जोखिम

- रणनीतिक योजना भए, नभएको,
- रणनीतिक योजना लागु भए नभएको,
- रणनीतिक योजना अद्यावधिक गरिए, नगरिएको,
- रणनीतिक लक्ष्य हासिल भए, नभएको ।

# वित्तीय जोखिम

- पर्ल्स अनुगमन प्रणाली लागु भए, नभएको,
- सञ्चालक समितिको बैंठकमा पर्ल्स प्रतिवेदन छलफल भए, नभएको,
- वित्तीय संरचना सुधार योजना भए, नभएको
- गैर वित्तीय क्षेत्रमा लगानीको स्थिति,
- शेयर र वचतको सन्तुलन,

# बजार जोखिम

- प्रतिशपर्धात्मक व्याजदर भए, नभएको
- सदस्यता त्याग गर्ने दर बढी छ कि?

# तरलता जोखिम

- पर्ल्स प्रणाली बमोजिम तरलता व्यवस्थापन गरे, नगरेको ।
- तरलताको सुरक्षाको उचित व्यवस्था गरे, नगरेको ।

# सञ्चालन जोखिम

- संस्था सञ्चालनको लागि समय सापेक्ष नीति, कार्यविधि र प्रविधि रहे, नरहेको
- संस्थाको नगद प्रवाह ऋणात्मक छ कि?,
- सदस्य, सम्पत्ती, आम्दानी, खुद वचतको अवस्था,
- कर्मचारी बहिर्गमनको दर,

# आन्तरिक लेखा परीक्षण चरण

**आन्तरिक नियन्त्रण प्रणाली परीक्षण**

- संस्थाको संगठनात्मक संरचनाले आन्तरिक नियन्त्रणको सुनिश्चितता गर्छ कि गर्दैन?
- नीति, कार्यविधिको निर्माण र कार्यान्वयन,
- प्रविधिको पहुँच र नियन्त्रण

# आन्तरिक लेखा परीक्षण चरण

आन्तरिक नियन्त्रण प्रणाली परीक्षण

- विस्तृत व्याख्या
- चेक लिष्ट
- प्रश्नावली
- फ्लो चार्ट

# आन्तरिक लेखा परीक्षण चरण

**चेक लिष्ट**

**आन्तरिक लेखापरीक्षण गर्दा हेर्नुपर्ने विषयगत क्षेत्रको सुचि तयार गरि अवलोकनको आधारमा प्रतिवेदन तयार गर्ने**

**प्रश्नावली**

**आन्तरिक लेखापरीक्षण गरिने विषयवस्तु संग सम्बन्धित प्रश्नहरू तयार गरि सञ्चालक समिति तथा व्यवस्थापन संग जानकारी लिइन्छ ।**

# भौचर परिक्षण

- भौचरलाई पुष्टि गर्ने आवश्यक कागजात जस्तै विल, भपाई, रसिद छ, छैन ?
- भौचरको खाताबहीमा प्रविष्टी सहि छ, छैन?
- भौचर नीतिगत रुपमा मान्य, बजेट अनुरूप, सैद्धान्तिक शुद्धता, संलग्न कागजातको विश्वसनीयता

# भौचर परिक्षणको उदाहरण

- व्याज गणना ऋण निति अनुरूप छ छैन ।
- व्याज भुक्तानी ऋण निति अनुरूप छ वा छैन ।
- सम्बन्धित सदस्यको सम्बन्धित खातामा ब्याज जम्मा भएको छ वा छैन ।
- व्याजमा कर हुनु कट्टि पर्ने भए कट्टि भएको छ वा छैन ।
- भएको कर कट्टि राजश्वमा जम्मा भएको छ वा छैन ।
- बाह्य ऋणमा तिरेको ब्याज सम्झौता  बमोजिम छ वा छैन ।

# तलब तथा पारिश्रमिक भुक्तानीको परीक्षण

तलब वा ज्यालाको भौचर परिक्षण गर्दा पहिले संस्थामा कार्यरत जम्मा कर्मचारी, कर्मचारीहरूको पद तथा तलबमान बारे जानकारी लिनुपर्दछ ।

- नियुक्ति पत्रः
- हाजिरी रजिष्टरः
- भुक्तानीको प्रमाणः
- पेश्कीको आधारः
- कर कट्टि
- बैक स्टेटमेन्टः
- दाबी नगरेको तलब वा ज्यालाः

# प्रमाणिकरण (Verification)

**संस्थाको वासलातमा समावेश भएका सम्पत्ति तथा दायित्वका मुख्य खाता तथा सहायक खाता भिडान भएको छ, छैन?**

**जस्तै,**

- कुल शेयर पूँजी = सदस्यहरूको शेयरको जोड
- कुल बचत निक्षेप = सदस्यहरूको व्यक्तिगत बचत खाता
- कुल ऋण = सदस्यहरूको व्यक्तिगत ऋण खाता
- बैंक मौज्दात = सबै बैंक खाताहरूको योग (रिकन्सिलेसन भएको)
- नगद मौज्दात = डे बुकमा रहेको नगद = भौतिक नगद

# प्रमाणिकरण.....

## ऋण लगानी प्रमाणिकरण गर्दा हेर्नुपर्ने क्षेत्रहरु

- ऋण लगानी नीति र कार्यविधि
- ऋणको फाईल एवं कागजात
- ऋणको व्याज र व्याजदर
- भाखानाघेको ऋणको अवस्था
- धितोको कानूनी आधार
- ऋण व्यवस्थापन शुल्क

# प्रमाणिकरण.....

## स्थिर सम्पत्तीको प्रमाणिकरण

- उपयोग वा अवस्था
- अभिलेख
- ह्रासकट्टि
- सांकेतिकरण
- आधिकारीरिता
- लगबुक

# विश्लेषण.....

- खर्चको तुलना
- आयको तुलना
- वासलातको तुलना
- नाफा नोक्सान खाताको तुलना
- खर्चको बजेट संग तुलना

# प्रमाणिकरण (Verification)

**आन्तरिक लेखापरिक्षणको शुरूवात**

**प्रमाणित वासलातका शिर्षकहरूबाट गर्ने**

# प्रतिवेदन ?

# प्रतिवेदन

| प्रतिवेदन | कसलाई | कहिले |
|---|---|---|
| सुपरिवेक्षण कार्यको प्रतिवेदन | सञ्चालक समितिलाई | न्यूनतम वर्षमा ३ पटक |
| आन्तरिक लेखा परीक्षण प्रतिवेदन | सञ्चालक समितिलाई | चौमासिक रूपमा |
| आन्तरिक लेखा परीक्षण प्रतिवेदन | साधारण सभा समक्ष | बार्षिक साधारण सभामा |

# अनुसूची-२

## (सहकारी मापदण्ड २०६८ को दफा ११(४) साग सम्बन्धित)

## लेखा समितिको वार्षिक प्रतिवेदन

सहकारी संस्थाको नाम, ठेगाना ....... आ.व.

१) अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था:

२. आ.व. ......मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्यनको अवस्था:

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था:

सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :

सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन सुझावहरू कार्यान्वयन सम्बन्धित विवरणहरू:

पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण:

पारिश्रमिक:

# अनुसूची-२

## क्रमशः .......

भत्ता

अन्य सुविधाहरू:

कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू

साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धि नियमावली भए नभएको :

कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको नल्याइएक:

भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको नभएको :

कार्यरत कर्मचारीहरू र कार्यबोझ बीच तादम्यता रहेको नरहेको

व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धि विवरण

# अनुसूची-२

## क्रमशः .......

**कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :**

**करार**

**अस्थायी**

**स्थायी**

**लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझाबहरूको कार्यान्वयनको अवस्थाः**

**लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरूः**

**लेखा समितिको सुझाबहरू**

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

नेफस्कून

१. लेखा नियन्त्रण

- ✓दैनिक कारोबारको विवरणको अभिलेख, सफ्टवेयर दैनिक लगआउट भए नभएको एकिन गर्ने,
- ✓ सहायक खाताहरुमा कारोबार हुनेसमयमै अभिलेख राखे नराखेको एकिन गर्ने
- ✓ आन्तरिक प्रतिवेदनहरुको तयारी र जाँच भए नभएको एकिन गर्ने, (जस्तै डोरमेट खाताको विवरण, लोन एजिङ आदि)
- ✓ मासिक आर्थिक प्रतिवेदन (आय व्यय विवरण र वासलात) तयारी र प्रमाणित नियमित भए नभएको एकिन गर्ने,
- ✓ चेक बुक, दैनिक भौचर, रसिद, दर्ता चलानी लगायतका विवरणहरुको क्रम संख्या मिले नमिलेको एकिन गर्ने,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

१. लेखा नियन्त्रण .... क्रमश:

- ✓ कागजातहरुको परिक्षण (जस्तै:....)
  - ❑ सम्पूर्ण भौचरहरुमा अनिवार्य प्रमाणित सपोर्टिङ कागजात हुनुपर्ने
  - ❑ टेलरको प्रयोग गर्ने सम्पूर्ण कागजातहरु प्रमाणित भएको हुनुपर्ने
  - ❑ चेक मार्फत भुक्तानी दिंदा चेकमा हस्ताक्षर प्रमाणित गरेको, नोटको संख्या प्रमाणित गरेको लगायत चेकमा भएका विवरणहरु परिक्षण गरे नगरेको एकिन गर्ने,
  - ❑ सम्पूर्ण सहायक खाताको अन्तिम मौज्दातसँग आर्थिक प्रतिवेदन (वासलात र आय व्यय विवरण) को अंकहरु मिले नमिलेको हेर्ने

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

१. लेखा नियन्त्रण .... क्रमशः

✓ कागजातहरुको परिक्षण (जस्तैः....) क्रमशः

- ❑ मासिक रुपमा बैंक मिलान प्रतिवेदन (बैक रिकन्सिलेसन) बनाएर प्रमाणित गरे नगरेको एकिन गर्ने,
- ❑ दैनिक नगद मौज्दातको भौतिक परिक्षण र अभिलेख राखेको विवरण मिले नमिलेको एकिन गर्ने,
- ❑ कुनै पनि कागजातमा केरमेट गरेको हुन नहुने, पेन्सिलको प्रयोग गर्न नपाईने, अक्षर मेट्न प्रयोग हुने सामाग्री टिपेक्स, इरेजरको प्रयोग गर्न नपाईने

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

१. लेखा नियन्त्रण .... क्रमश:

- ✓ कागजातहरुको परिक्षण (जस्तै:....) क्रमश.......
  - ❑ गल्ती गरिएको अभिलेखलाई एउटा मात्र धर्को तान्ने,
  - ❑ महिनामा धेरै ठाउँमा सच्चाउने गरेको भए त्यसमा विशेष ध्यान दिने,
  - ❑ भुक्तानी लिनुपर्ने दिनुपर्ने हिसाबको सम्पूर्ण विवरण राखे नराखेको एकिन गर्ने,
  - ❑ खरिद गरेका विलहरु कम्तिमा प्यान नं भए नभएको एकिन गर्ने,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

१. लेखा नियन्त्रण .... क्रमशः

✓ आन्तरिक लेखापरिक्षणको लागि वार्षिक पर्याप्त बजेटको व्यवस्था गरिएको हुनुपर्ने,

✓ यदि लेखा सुपरिवेक्षण समितिले चाहेमा आन्तरिक लेखापरिक्षणको लागि विज्ञको सहयोग लिन सक्ने

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण

✓ संस्थाको आफ्नो छुट्टै लेखा निती हुनुपर्ने, लेखा व्यवस्थापनका कर्मचारीले पर्याप्त नितीको अध्ययन गरेको र पर्याप्त तालिम लिएको हुनुपर्ने

✓ संस्थामा पर्याप्त निती तथा कार्यविधिहरु रहेको, त्यसको पर्याप्त कार्यान्वन भए नभएको एकिन गर्ने

- ❑ वचत निती
- ❑ ऋण निती
- ❑ कर्मचारी प्रशासन निती
- ❑ आर्थिक प्रशासन निती
- ❑ संगठन निती

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

- ✓ संस्थाको वार्षिक बजेट आषाढभित्रै सञ्चालक समितिले पास गरेको हुनुपर्ने,
- ✓ आम्दानी, खर्च, सम्पत्ति र दायित्वको सम्पूर्ण अंक वार्षिक बजेट अनुसार हुनुपर्ने,
- ✓ सञ्चालक समितिले मासिक रुपमा निम्न विवरणहरु अध्ययन गरे नगरेको एकिन गर्ने,
  - ❑ मासिक वासलात र आय व्यय विवरण
  - ❑ मासिक नगद प्रवाह विवरण
  - ❑ बजेट र यथार्थ विवरणको मासिक भिडान
  - ❑ भाखा नाघेको ऋणको मासिक विवरण

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

✓ नगदको नियन्त्रण

- ❑ नगदको भौतिक परिक्षण नियमित गरे नगरेको एकिन गर्ने,
- ❑ कार्यालयबाट विदा हुँदा नगदको अनिवार्य अभिलेख राखेर र प्रमाणित गरेर मात्रै टेलरको कर्मचारीले जिम्मा लिए नलिएको
- ❑ नगद भल्टमा रहेको विवरण र नितीमा तोकिएको अंक मिले नमिलेको एकिन गर्ने, विमा गरिएको भन्दा बढि रकम नराख्ने,
- ❑ टेलरले दैनिक नगद प्राप्ति गर्दा र कार्यालय बन्द हुँदा भल्ट नगद राख्दा अभिलेख प्रमाणित राखेको हुनुपर्ने,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

✓ जिम्मेवारी बाँडफाँड

जस्तैः क) भौचर तयार गर्ने, परिक्षण गर्ने र प्रमाणित गर्ने छुट्टाछुट्टै कर्मचारीको व्यवस्था भए नभएको एकिन गर्ने,

ख) चेकमा हस्ताक्षर गर्नेले मासिक बैंक रिकन्सिलेसन नबनाई अर्के कर्मचारीले बनाउने,

ग) ऋण प्रमाणित गर्ने र ऋण प्रवाह गर्ने कर्मचारी एकै हुनु नहुने,

✓ दोहोरो नियन्त्रण : भल्ट, दराज, लगायतका ठाउँहरुको चाबी दुईजनासँग रहनुपर्ने,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

नेफस्कून

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

✓ सम्पत्तिको सुरक्षाः यसमा आलेपले ध्यान दिनुपर्ने विषयहरु

- नगद सुरक्षाको पर्याप्त व्यवस्था (नगद सञ्चालन कार्यविधि, भल्ट, विमा)
- नगद सुरक्षामा दोहोरो जिम्मेवारी,
- नियमित रुपमा स्थिर सम्पत्तिको भौतिक परिक्षण,
- पर्याप्त विमा,
- कम्प्युटर र लकरका पासवर्डहरुको सुरक्षा, कम्तिमा ३ महिनामा पासवर्ड परिवर्तन गर्ने,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

✓ शुन्य सहनशीलताको सिद्धान्तः कुनै पनि गल्ती, कमजोरी र हिनामिनामा साकोसले शुन्य सहनशीलताको सिद्धान्तलाई अंगिकार गर्नुपर्छ। निम्न नितीहरु साकोसले कार्यान्वयनमा ल्याउनुपर्छ :

- ❑ जुनसुकै हिनामिनाको पर्याप्त अभिलेखिकरण, मौखिक रुपमा चेतावनी
- ❑ गल्ती कमजोरी हिनामिना नगर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणाली,
- ❑ गल्ती र हिनामिना गर्ने कर्मचारीलाई नितीगत रुपमा सजाय,
- ❑ पर्याप्त पारिश्रमिकको व्यवस्था,
- ❑ पर्याप्त तालिम, प्रशिक्षण मार्फत गल्ती कमजोरीका परिणामको बारेमा सचेतना

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

- ✓ कर्मचारी नितीः कर्मचारीले बारम्बार गल्ती कमजोरी र जानाजानी हिनामिना गरेमा के कारबाही हुने हो सो को विस्तृत विवरण कर्मचारी नितीमा स्पष्ट लेखिएको हुनुपर्छ ।
- ✓ नयाँ कर्मचारी भर्ना गर्दा कर्मचारीको बारेमा सन्दर्भ जाँच गर्नुपर्छ,
- ✓ सबै कर्मचारीलाई लिखित रुपमा नियुक्ति पत्र, कार्यविवरण र जिम्मेवारी तोकिएको हुनुपर्छ ।
- ✓ प्रत्येक वर्ष प्रत्येक कर्मचारीको कार्य सम्पादन मूल्यांकन गरिएको हुनुपर्छ ।

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

नेफस्कून

२. प्रशासनिक नियन्त्रण ..... क्रमशः

✓ कर्मचारी नितीः

- कर्मचारीको स्थान हेरफेर : कर्मचारीहरुको क्षमता विकास गर्न, अन्य कर्मचारीले गरेको गल्ती कमजोरी पत्ता लगाउन कर्मचारीको कार्यस्थल हेरफेर गर्ने, कार्यविवरणमा हेरफेर गर्ने कार्य गर्नुपर्छ ।
- उत्तराधिकारीको योजना : कर्मचारी नितीमा स्पष्ट रुपमा उत्तराधिकरीको योजना बनाइएको हुनुपर्छ ।
- अनिवार्य विदाः अनिवार्य विदाको व्यवस्था गर्दा पनि थुप्रै गल्ती, कमजोरीहरु पत्ता लाग्दछ ।

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

खतराका सुचकहरु:

- आन्तरिक नियन्त्रण प्रणाली नभएको अवस्था
- जिम्मेवारी वहन नगर्ने लेखा सुपरिवेक्षण समिति
- वाह्य लेखापरिक्षण आव सकिएको ९० दिन भित्र सम्पन्न नगर्नु,
- अभिलेख व्यवस्थापनमा बारम्बर गल्ती भैराख्नु,
- आर्थिक प्रतिवेदनहरु (वासलात, नाफानोक्सान हिसाब) मासिक रुपमा नबन्नु,
- व्यवस्थापनको प्रतिवेदन, लेखाका प्रतिवेदनहरु नष्ट हुनु वा गरिनु,
- कर्मचारी र नेतृत्व आर्थिक संकटमा पर्नु
- एकाघरका व्यक्ति नेतृत्व र व्यवस्थापनमा रहनु,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरु

नेफ्स्कून

खतराका सुचकहरु:

- एकाघरका व्यक्तिहरुले संस्था सञ्चालनमा नियन्त्रण राख्नु,
- सफ्टवेयर वा कम्प्युटरमा अभिलेख कसले राखेको हो, सो स्पष्ट नहुनु,
- कम्प्युटर वा सफ्टवेयरको पासवर्ड हराउनु, विर्सनु वा अरुलाई बाँढ्नु,
- कम्प्युटरमा पर्याप्त नियन्त्रण नहुनु,
- पर्याप्त व्याकअप नहुनु,
- दैनिक खातावन्दी नहुनु,
- कर्मचारी अधिक संख्या वा आवश्यक भन्दा थोरै संख्यामा राखिनु,
- कर्मचारीको नियमित तालिम प्रशिक्षणको व्यवस्था नहुनु,
- जिम्मेवारी बाँडफाँड गर्दा विषयगत नभई गोलमटोल तरिकाले गर्नु,

# आन्तरिक लेखा परिक्षणमा ध्यान दिनुपर्ने विषयहरू

नेफ्स्कून

खतराका सुचकहरु:

- ✖ व्यवस्थापनले सुचना वा जानकारी दिन नसक्नु वा आनाकानी गर्नु,
- ✖ लेखाका प्रत्येक कागजात, भौचर, प्रतिवेदनहरु तयारीमा पर्याप्त नियन्त्रण नहुनु
- ✖ प्रत्येक महिना सञ्चालक समितिले वित्तीय विश्लेषण गर्ने संयन्त्र नहुनु,
- ✖ एकै व्यक्तिलाई कुल पुँजीकोषको १० प्रतिशत भन्दा बढि लगानी हुनु,
- ✖ दैनिक कार्यसञ्चालनमा सञ्चालक समितिको प्रभाव रहनु, निती निर्माणमा व्यवस्थापनले आफू अनुकुल हुने गरी प्रभाव पार्नु
- ✖ कर्मचारी छनौट , भर्ना र नियुक्ति गर्दा पर्याप्त नियन्त्रण नगर्नु,
- ✖ वाह्य लेखापरिक्षण औपचारिकताको लागि मात्रै गर्नु (लेखापरिक्षकले पर्याप्त समय नदिनु )




नेतृत्वको काम समस्यालाई  जुन
रूपमा छ त्यहि रूपमा हेर्ने होइन...
गर्न सक्ने जति वनाउने हो "



- सफल मान्छेले नया काम गरेका छैनन् , नया तरिकाले गरेकाले सफल भएकाहुन ।
- भनिन्छ कुनैपनि नया काम गर्नु पर्दैन गरिरहेकै  काम लाइ नया तरिकाले गर्न सकिन्छ । - शिब  खेरा



# Thank You